नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पत्र संख्याः-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौँ, नेपाल ।

मितिः २०७७।१०।२६

## प्रेस विज्ञप्ति

आज मिति २०७७ माघ २६ गते तदनुसार सन् २०२१ फ्रेवुअरी ८ का दिन माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री कृष्णगोपाल श्रेष्ठसँग नेपालका लागि संयुक्त राज्य अमेरिकाका महामहिम राजदूत र्‍यान्डी बेरीले शिष्टाचार भेट गर्नु भयो । उक्त भेटमा मन्त्रालयका शिक्षा सचिव श्री गोपीनाथ मैनाली र अमेरिकी दूतावासका डेपुटी चीफ अफ द मिशनका साथै अमेरिकी सहयोग नियोग यूयसएडका नेपालस्थित प्रमुखको समेत सहभागिता रहेको थियो ।

उक्त भेटमा महामहिम राजदूतले अमेरिकामा नयाँ राष्ट्रपतिको चयन भएपश्चात् बाइडन प्रशासनका प्राथमिकता वारे जानकारी गराउँदै अधिकारमा आधारित शिक्षाका साझा सरोकार तथा सहयोगका विषयमा छलफल गर्नु भएको थियो । भेटमा अमेरिकन सहयोग नियोग यूएसएडले प्रारम्भिक कक्षा पठन सीप कार्यक्रम र विद्यालय क्षेत्र विकास योजनामा पुर्याइरहेको सहयोग, यसको उपलब्धि, कार्यान्वयनमा देखिएका चुनौतिहरू लगायत शिक्षामा दातृ निकायका साझा चासो र प्राथमिकताका विषयमा छलफल भएको थियो ।

सो अवसरमा माननीय मन्त्रीज्यूले अमेरिका र नेपाल वीचको ऐतिहासिक द्विपक्षीय सम्वन्धको बारेमा चर्चा गर्दै अमेरिकी सरकारले नेपालको शिक्षामा गरेको सहयोगका लागि धन्यवाद दिनुका साथै नवगठित अमेरिकी सरकारलाई महामहिम राजदूत मार्फत् शुभकामना दिनु भएको थियो ।

दीपक शर्मा
सहसचिव एवम् प्रवक्ता

फोन नं.:
वेबसाइटः www.moest.gov.np